"आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटन र पूर्वाधारः समृद्ध र सुशासनयुक्त महाबुको आधार"

# महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गैडाबाज, दैलेख
## कर्णाली प्रदेश, नेपाल

www.mahabumun.gov.np
info@mahabumun.gov.np

**पत्र संख्याः २०८३/०८४**
**चलानी नं. १८१**

मितिः२०८३/०४/२५

**श्री** पूर्वाधार विकास कार्यालय
दैलेख ।

**विषयः निर्माण व्यवसायी उपर प्रचलित कानूनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाइदिने सम्बन्धमा।**

महाबु गाउँपालिका अन्तर्गत निर्माणाधीन **ताराघाट-खरिगैरा-गैडाबाज-एकपाटे-टाकुरी-काशिकाँध सडक** निर्माण कार्यको जिम्मा लिएको निर्माण व्यवसायी पन्त आकृति जेभीले सम्झौता बमोजिम निर्धारित समयसीमाभित्र कार्य सम्पन्न नगरी अत्यन्त ढिलासुस्ती गरेको बेहोरा अवगत नै होला।

उक्त सडक महाबु गाउँपालिकाको केन्द्रलाई दैलेख सदरमुकामसँग जोड्ने मुख्य तथा रणनीतिक सडक भएकोले निर्माण कार्यमा भएको ढिलाइका कारण स्थानीय नागरिक, कर्मचारी, विद्यार्थी, बिरामी तथा सेवाग्राहीहरूले दैनिक आवतजावतमा विगत चार वर्ष देखि ठूलो कठिनाइ भोगिरहेका छन्। उक्त निर्माण व्यवसायी ले उक्त सडक निर्माण कार्यमा देखाएको गैरजिम्मेवारीपनका कारण AI को प्रयोग गरी सामाजिक सञ्जालमा समेत विभिन्न किसिमका सांमाग्रीहरु पोस्ट गरी सिंगो महाबु गाउँपालिकाको नै वेइज्जत भएको र जनप्रतिनिधिहरुको समेत मानमर्दन र चरित्रहत्या समेत हुने अवस्था सिर्जना भएको छ, भने उक्त सडकका विषयमा व्यापक जनगुनासो आइरहेको हुदाँ उक्त सडकको हिलो भएको स्थानमा तत्काल ग्राभेल हालेर यातायात आवतजावतमा सहजता गराइदिनहुन अनुरोधं छ ।

गाउँपालिकाबाट पटकपटक मौखिक तथा लिखित रूपमा निर्माण व्यवसायीलाई सम्झौताअनुसार कार्य सम्पन्न गर्न आग्रह तथा ताकेता गरिँदासमेत अपेक्षित प्रगति हुन नसकेको अवस्था रहेको छ। यसबाट निर्माण व्यवसायीले सार्वजनिक खरिद सम्बन्धी सम्झौताका शर्तहरूको उल्लङ्घन गरेको देखिन्छ।

तसर्थ उक्त निर्माण व्यवसायीको **सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४**, सम्झौताका शर्तहरू तथा अन्य प्रचलित कानूनबमोजिम आवश्यक छानबिन गरी म्याद थप नगर्ने, हर्जाना असुलउपर, कार्यसम्पादन जमानत जफत, कालोसूचीमा सिफारिस लगायत आवश्यक कानूनी कारबाहीको प्रक्रिया यथाशीघ्र अगाडि बढाइदिनुहुन अनुरोध छ।

जंग बहादुर शाही
(अध्यक्ष)

जंग बहादुर शाही
अध्यक्ष

**बोधार्थ**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (हेलो सरकार)- आवश्यक सहजिकरणका लागि अनुरोध छ ।
**श्री** भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत- जानकारीका लागि।
श्री जिल्ला समन्वय समितिको कार्यालय दैलेखआवश्यक सहजिकरणका लागि । :
श्री जिल्ला प्रशासन कार्यालय दैलेखआवश्यक सहजिकरणका लागि । :